बैठक नं. २७

आज मिति २०८०/०७/२२ गते बुधबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

## उपस्थिति :

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री राम नरेश राय | रामग्राम नगरपालिका | नि. प्रमुख प्रशासकीय अधिकृत ,सचिव |

बैठक संचालन सहयोगी कर्मचारीहरु :

कुन्दन कुमार चौधरी – अधिकृत सातौं

रामप्रकाश गुप्ता – आ. ले. प. अधिकृत

निशा लोनिया – कम्प्युटर अपरेटर, प्रशासन

महेश्वर ठाकुर – ई.

रामबहादुर थापामगर – का.स.

**रामग्राम नगरपालिकाको मिति २०८०/०७/२२ गतेको नगरकार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :**

**प्रस्ताव नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**
**प्रस्ताव नं. २ : भुकम्प प्रभावितहरुको सम्बन्धमा ।**
**प्रस्ताव नं. ३ : ठेक्का इजाजत पत्र सम्बन्धमा ।**
**प्रस्ताव नं. ४ : बजार व्यवस्थापन सम्बन्धमा ।**
**प्रस्ताव नं. ५ : विधुत महसुल भुक्तानी भएको खर्च समर्थन सम्बन्धमा ।**
**प्रस्ताव नं. ६ : आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन सम्बन्धमा ।**
**प्रस्ताव नं. ७ : विविध**
**क) दिपावली र छठ पर्वको शुभकामना सम्बन्धमा ।**
**ख) पृथ्वीचन्द्र अस्पताललाई सहयोग गर्ने सम्बन्धमा ।**
**ग) निजी खेतको माटो निकाल्ने सम्बन्धमा ।**

**निर्णयहरु :**

**निर्णय नं. १ :** प्रस्ताव नं १ माथि छलफल गर्दा यस अघिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०८० साल कार्तिक महिनाको १७ गते राती ११:४६ मा जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका वडा नं. १ रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्नीच्युडको भुकम्पले मुख्यगरी जाजरकोट र रुकुमपश्चिम जिल्ला र आसपासका क्षेत्रहरुमा ठूलो मात्रामा धनजनको क्षति भएकोमा, भुकम्पबाट जाजरकोट नलगाड नगरपालिकाका उपप्रमुख स्व. श्री सरिता सिंह सहित सयौं व्यक्तिको दुःखद् निधन भएको छ । उक्त घटनामा परी धेरै व्यक्तिहरु घाइते हुनु भएको छ । साथै घटनामा थुप्रै क्षति पुगेको छ । दुःखद् निधन हुनु भएका नगर उपप्रमुख र नागरिक प्रति यस रामग्राम नगरपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाजली अर्पण गर्दै भुकम्प पिडितलाई राहतका लागि यस रामग्राम नगरपालिकाको **प्रकोप व्यवस्थापन कोष** शिर्षकबाट नगद रु.२,५१,०००/- सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं ३ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको स्थानीय राजपत्र भाग २ "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ को उप दफा १ बमोजिम अनुसूची १ अनुसार प्राप्त भएको निवेदन उपर यस कार्यको लागि गठित अनुगमन तथा सिफारिस समितिले विभिन्न

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

मितिमा अनुगमन गरी सिफारिस गरेको निम्न फर्महरु तथा प्रोपराइटरहरुको नाममा दर्ता रहेको र अनुसूची ५ बमोजिमका आवश्यकता पुरा गरेको, "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उप दफा ३ पालना हुने गरी दफा २ को उपदफा ४ अनुसार नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानून अनुसारको राजश्व दाखिला गराई इजाजत दिन सकिने भनि सिफारिस भई आएकोमा तपसिलका फर्महरु तथा प्रोपराइटरहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | फर्मको नाम | ठेगाना | प्रोपराइटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | जेशिका बिल्डर्स प्रा.लि. | रामग्राम-१२, नवलपरासी | पशुपति चौधरी | |

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको बजार क्षेत्रमा सडक पेटि र फुटपाथमा छरिएर राखिएका तरकारी, फलफूल, पसल, ठेला तथा अन्य सामाग्रीहरु बिक्री भई रहेकोले सडक बाटो अवरोध भई रहेको हुँदा त्यस प्रकृतिका तरकारी, फलफूल पसल, ठेला तथा अन्य सामाग्रीहरु बिक्री गर्नका लागि यस रामग्राम नगरपालिका वडा नं. ५ आदर्श मा.वि. को पश्चिम तर्फको जग्गामा बजार व्यवस्थापन गर्ने, वडा नं. २ हाट बजार टोलमा रहेको अव्यवस्थित रुपमा बनेका घर टहरा व्यवस्थापन गर्ने, साथै वडा नं. १ देखि वडा नं. १८ मा रहेका सरसफाई गर्न आवश्यक पर्ने सडकहरुलाई ग्रेडर प्रयोग गरी सफाई गर्दा लाग्ने खर्च **मर्मत सम्भार कोष शिर्षकबाट** भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामग्राम नगरपालिका कार्यालय तथा वडा कार्यालय, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीहरुको बुझाइएको विधुत महसुल भुक्तानी रकम रु.१७,३३,४५१.१० भएको खर्च समर्थन गर्ने निर्णय गरियो । अब उप्रान्त सम्बन्धित स्वास्थ्य चौकी, वडा कार्यालयमा रहेको मिटरमा उठेको महसुल रकम सम्बन्धित स्वास्थ्य चौकी र वडा कार्यालयलाई उपलब्ध गराउने । सम्बन्धित कार्यालयको कर्मचारीको लापरवाहीको कारणले जरिवाना लागेमा सम्बन्धित कर्मचारीको तलबबाट असुल गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली अनुगमन तथा निरिक्षण गर्नका लागि तपसिल अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | पद | समितिको पद |
|---|---|---|---|
| १ | श्री धनपत यादव | नगर प्रमुख | संयोजक |
| २ | श्री कन्हैया प्रसाद कोइरी | सुशासन समितिको अध्यक्ष | सदस्य |
| ३ | श्री सिमिर्ती देवी चौधरी | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री ओम प्रकाश यादव | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री कुन्दन कुमार चौधरी | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ६ | श्री राम सुवास गुप्ता | आन्तरिक लेखा परिक्षक | सदस्य सचिव |

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

विविध निर्णय नं. ७ :

**विविध निर्णय नं. ७ (क)** : प्रस्ताव नं. ७ (क) माथि छलफल गर्दा २०८० को शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण नगरबासी, पदाधिकारी, कर्मचारीहरुको सुख, शान्ति, सम्वृद्धि र सु-स्वास्थ्य दिर्घायुको मंगलमय शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

**विविध निर्णय नं. ७ (ख)** : प्रस्ताव नं. ७ (ख) माथि छलफल गर्दा पृथ्वीचन्द्र अस्पताललाई विरामीहरुको उपचारको क्रममा अतिआवश्यक पर्ने कार्य गर्दा हुने खर्चका लागि **स्वास्थ्य संस्थाहरुलाई सहायता शिर्षकबाट** रु.४,००,०००/- सहयोग दिने निर्णय गरियो ।

**विविध निर्णय नं. ७ (ग)** : प्रस्ताव नं. ७ (ग) माथि छलफल गर्दा नगरवासीहरुले आफ्नो निजी खेतबाट माटो खनि निजी प्रयोग गर्न वा बिक्री वितरण गर्न नगरपालिकामा माग गरेको निवेदनको सिफारिस दिनुभन्दा अगाडी पूर्वाधार शाखाले सम्बन्धित वडा अध्यक्षसँग समन्वय गरी स्थलगत निरिक्षण पश्चात माटो झिक्ने परिमाण एकिन गरे बमोजिम सम्बन्धित निवेदकलाई सिफारिस दिने जिम्मेवारी भौतिक पूर्वाधार शाखालाई दिने तथा उक्त सम्पुर्ण निवेदन तथा सिफारिस अगामी कार्यपालिकाको बैठकमा अनुमोदन/समर्थन गराउने निर्णय गरियो।

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (व.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

**घनपत यादव**
**नगर प्रमुख**
**रामग्राम नगरपालिका**